# दोधारा चाँदनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दोधारा चाँदनी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं.: २०८२।८३
च.नं.:

मितिः २०८२।१२।२२
ने.सं. ११४६ चौलागाः, ०३ आइतबार

## ५०% अनुदानमा धान बालीको उन्नत बीउको लागि आवेदन दिने बारे

सूचना। सूचना।। सूचना।।।

(प्रथम पटक प्रकाशित मितिः २०८२/१२/२२)

उपरोक्त विषय सम्बन्धमा यस दोधारा चाँदनी नगरपालिका, कृषि विकास शाखाको आ.व. २०८२/०८३ को संघीय सशर्त वार्षिक स्वीकृत कार्यक्रम "खाद्यान्न बालीको बीउ उपयोगमा अनुदान (धान,गहुँ)" अन्तर्गत ५० प्रतिशत अनुदानमा **धानको उन्नत बीउ** वितरण गरिने भएकोले इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, तथा कृषि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तपसिल बमोजिमका कागजातहरू संलग्न राखी यस नगरपालिकाको कृषि विकास शाखामा आवेदन पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघि आएका आवेदन माथि कुनै कारबाही नहुने तथा व्यहोरा जानकारी गराइन्छ।

तपसिल

१. कार्यक्रममा सहभागिताको लागि निवेदन,
२. व्यक्तिगत कृषकको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि;
३. कृषक समूहको हकमा आ.व. २०८२/८३ मा कृषक समूह दर्ता नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि र समूहको निर्णय;
४. कृषि सहकारीको हकमा निर्णय तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
५. कृषि फर्मको हकमा आ.व. २०८२/०८३ मा दर्ता नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि तथा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
६. माग गरिने धानको जात(हरु) र परिमाण,
७. सम्बन्धित वडा कार्यालयको सिफारिस (कृषक समूह/कृषि सहकारी/कृषि फर्मको हकमा मात्र)।

गणेशदत्त मिश्र
प्रमुख प्रशासकीय अधिकृत


Email: dcmun1015@gmail.com
website: www.dodharachandanimun.gov.np
फोन नं.: ०९९४००१८४

मितिः २०८__/___/___

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
दोधारा चाँदनी नगरपालिका
कञ्चनपुर

विषयः धानको उन्नत बीउको माग सम्बन्धमा

महोदय,

प्रस्तुत विषयमा निवेदन यस प्रकार रहेको छ की, तहाँ कार्यालयको मिति २०८२/१२/२२ गते प्रकाशित सूचना बमोजिम खाद्यान्न बालीको बीउ उपयोगमा अनुदान (धान, गहुँ) अन्तर्गत ५०% अनुदानमा **धानको उन्नत बीउ** वितरण कार्यक्रम मा सहभागी हुन म/हामी इच्छुक भएको र आवेदनको लागि आवश्यक पर्ने कागजातहरू र बीउको मागको विवरण तपसिल बमोजिम उल्लेख गर्दै यसै निवेदनका साथ पेश गरेको हुँदा यो निवेदन स्वीकृत गरी कार्यक्रममा सहभागी गराइदिन हुन अनुरोध गर्दछु।

**तपसिल**

| क्र.सं. | धान बालीको जात | इकाई | आवश्यक परिमाण |
|---|---|---|---|
| १. | सावाँ मसुली सब-१ | किलोग्राम | |
| २. | बहुगुणी-२ | किलोग्राम | |
| ३. | राधा-४ | किलोग्राम | |
| ४. | सुक्खा-३ | किलोग्राम | |
| ५. | अन्य (_________) | किलोग्राम | |

निवेदक

दस्तखत/छापः
कृषक/संस्थाको नामः
ठेगानाः *वडा नं.__, टोल*________
सम्पर्क नं.: